नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

# नेपाल सरकार

# जल तथा ऊर्जा आयोगको सचिवालय

# सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५(३) बमोजिम जल तथा ऊर्जा आयोगको सचिवालयद्वारा सार्वजनिक गरिएको विवरण

(असोज — पौष , २०७८ )

# १. परिचयः

जल तथा ऊर्जा स्रोतको एकिकृत विकास, ब्यवस्थापन एवं ब्यापक उपयोग गर्ने उद्देश्यले वि.सं. २०३२ मा नेपाल सरकारले जल तथा ऊर्जा आयोगको गठन गरी वि.सं. २०३८ देखि स्थायी सचिवालय समेतको स्थापना गर◌ेको हो । मिति २०४९।३।१५ र मिति २०५५।९।२० मा नेपाल सरकारको निर्णय बमोजिम यस आयोग र सचिवालयको संगठनात्मक स्वरुप एवं कार्यक्षेत्रमा परिमार्जन गरी आयोगलाई देशमा विद्यमान जलस्रोत र ऊर्जाको विकास तथा प्रवर्द्धनको लागि दीर्घकालीन तथा अल्पकालीन नीति/रणनीति निर्माण, आयोजनाहरुको पहिचान/छन◌ोट एवं कार्यान्वयनमा सम्बद्ध सरकारी/गैर सरकारी निकायहरुको साथै दातृ संस्थाहरुसंग समेत समन्वय कायम गरी स्रोतहरुको स्थिति, आवश्यकता तथा प्राथमिकता निर्धारण गर्ने, विभिन्न प्रयोगकर्ताहरुलाई जल तथा ऊर्जाको वितरण गर्ने तथा जल तथा ऊर्जा क्षेत्रमा नेपाल सरकारलाई राय सल्लाह उपलब्ध गराउने केन्द्रीय सरकारी निकायको रुपमा स्थापित गरिएको छ ।

## २. जल तथा ऊर्जा आयोगको संरचना

(क) उर्जा मन्त्री /राज्य मन्त्री - अध्यक्ष
(ख) सदस्य (जलस्रोत हेर्ने) राष्ट्रिय योजना आयोग - सदस्य
(ग) सचिव, ऊर्जा मन्त्रालय - सदस्य
(घ) सचिव, सिंचाइ मन्त्रालय - सदस्य
(ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य
(च) सचिव, सहरी विकास मन्त्रालय - सदसय
(छ) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- सदस्य
(ज) सचिव, खानेपानी तथा सरसफाई मन्त्रालय - सदस्य
(झ) सचिव, उद्योग मन्त्रालय - सदस्य
(ञ) सचिव, बाणिज्य मन्त्रालय - सदस्य
(ट) सचिव, आपूर्ति मन्त्रालय - सदस्य
(ठ) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय — सदस्य
(ड) सचिव, कृषि मन्त्रालय - सदस्य
(ढ) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य
(ण) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय- सदस्य
(ट) सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय - सदस्य
(ठ) सचिव, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय - सदस्य

(ङ) गैर सरकारी क्षेत्रबाट ख्याति प्राप्त जलस्रोत तथा उर्जा विशेषज्ञहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनित दुई जना - सदस्य

(ढ) डीन, त्रिभूवन विश्वविद्यालय, इन्जिनियरिंग अध्ययन संस्थान - सदस्य

(ण) अध्यक्ष, नेपाल इन्जिनियर्स एशोसियशन - सदस्य

(त) प्रतिनिधि, नेपाल उध्योग वाणिज्य महासंघ - सदस्य

(थ) सचिव, जल तथा ऊर्जा आयोगको सचिवालयका - सचिव सदस्य

३. **आयोगको उद्देश्य:** आयोगको उद्देश्य देहाय बमोजिम हुनेछ:-

क) जल तथा ऊर्जा क्षेत्रको दीर्घकालीन/ आवधिक योजनाहरुमा समावेश गरिने उद्देश्य तथा नीति निर्धारणमा तालुक मन्त्रालयहरुलाई सहयोग पुऱ्याउने।


ख) सिंचाइ, जलविद्युत, खानेपानी, पानीको औद्योगिक उपयोग, बाढी व्यवस्थापन र जलपरिवहन सम्बन्धी वहुउद्देश्यीय (ठूला तथा मझौला मात्र) र ठूला तथा मझौला परियोजना प्रवर्द्धन र विकास एवं यस क्षेत्रको वातावरणीय पक्षको संरक्षण समेतका विषयहरुमा सम्बन्धित निकायहरुलाई राय, परामर्श एवं पथ प्रदर्शन गर्ने।

ग) जलस्रोत तथा ऊर्जा क्षेत्रको नीति तथा रणनीति तर्जुमा गर्ने।

घ) जल स्रोत तथा ऊर्जा सँग सम्बन्धित द्विपक्षीय तथा बहुपक्षीय तथा वहुपक्षीयहरुमा राय सल्लाह तथा परामर्श दिने।

ङ) जलस्रोत तथा ऊर्जासंग सम्बन्धित द्विपक्षीय तथा वहुपक्षीय विषयहरुमा राय सल्लाह तथा परामर्श दिने।

## ४. आयोगको संगठन संरचनाः



## ५. सचिवालयका विभिन्न महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

### १. जलस्रोत महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरु

१. संपूर्ण नदी  बेसिन अध्ययन गरी जलस्रोतको परिमाणको सन्तुलनको अध्ययन कार्य जारी राख्ने।

२. नदी बेसिनहरुको अध्ययनहरुसँग सम्बन्धित तथ्याङ्क/सूचना/प्रतिवेदनहरु उपलब्ध गर्ने।

३. डिजाईन निर्देशिका तयार गरी प्रविधिको उन्नतिसंगै पुनरावलोकन तथा सुधार गर्ने।

४. Inter Basin Transfer को संभाव्यता अध्ययन गरी बहुउद्देश्यीय आयोजनाहरुको पहिचान गर्ने।

५. नदीहरुको जलप्रवाहको अनुमान गर्ने प्रक्रियाहरुको विकास गर्ने।

६. नेपाल सरकारबाट सन्चालित मौजुदा तथा सम्पन्न भैसकेका सिंचाइ आयोजनाहरुको शीघ्र मुल्यांकन (Rapid Appraisal) गरी अधिकतम उपलब्धि गराउन सुझावहरु पेश गर्ने।

७. जलस्रोत गुरुयोजनामा सघाउ पुऱ्याउने तथा जलस्रोत क्षेत्रको आवधिक योजनाहरुको मस्यौदा   गर्ने।

८. डिजाइन निर्देशिकाहरु तयार गरी प्रविधिको उन्नतिसंगै पुनरावलोकन तथा सुधार गर्ने।

९. महाशाखासँग संबन्धित विषयमा प्रगति विवरण तयार गरी अन्य आवश्यक Document तयार गर्ने।

१०. महाशाखाका भौतिक साधनहरुको स्याहार संभार एवं मर्मत गर्ने।

११. संकलित तथ्य विवरण, नक्सा, आदिको प्रयोगबाट जलस्रोतको उपयुक्त प्रयोगको लागि बेसिन विकास अध्ययन कार्य चालू राख्ने।

१२. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

### २. कानुन तथा संस्थागत विकास महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः

१. जल तथा ऊर्जासंग सम्बन्धित कानुनहरुको ब्याख्या सम्बन्धी राय माग भई आएमा सम्बन्धित निकायहरुमा संपर्क गरी शुरु कार्यवाही गर्ने र स्वीकृत बमोजिम निर्णयको जानकारी दिने।

२. मन्त्रालयमा र सचिवालयका अन्य शाखाहरुलाई आवश्यकता अनुसार कानुनी सल्लाह पुऱ्याउन शुरु कारवाही गर्ने।

३. जल तथा ऊर्जा सम्बन्धी ऐन, नियम सम्बन्धमा कायम भइसकेका राय वा ब्याख्याहरुको विवरण लगत अद्यावधिक राख्ने।

४. सर्वोच्च अदालतबाट जल तथा ऊर्जा सम्बन्धमा नजिर कायम हुने निर्णयहरुको लगत अद्यावधिक राख्ने।

५. जल तथा ऊर्जा सम्बन्धी द्विपक्षीय सन्धी, सम्झौताहरुको अध्ययन गरी तत्सम्बन्धमा आवश्यक परामर्श दिने।

५. महाशाखा अन्तर्गतका भौतिक साधानहरुको स्याहार, संभार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।

६. अधीनस्थ कार्यको कार्यप्रगति विवरण तयार गर्ने।

७. सीमा नदीरुको विविध एवं कानुनी पक्षको कार्यमा अध्ययन गर्ने र आवश्यक राय प्रदान गर्ने।

८. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

**३. ऊर्जा महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः**

१. घरेलु, उद्योग, यातायात, कृषि लगायतका क्षेत्रहरुमा ऊर्जा आपूर्ति बारे प्रारम्भिक पूर्वानुमान सम्बन्धी अध्ययन गर्ने र प्रतिवेदनहरु तयार गर्ने।

२. परम्परागत ऊर्जा, व्यापारिक ऊर्जा, तथा वैकल्पिक ऊर्जा स्रोतको बारेमा जनचेतना वृद्धि गर्न र नीजी क्षेत्रलाई यसमा आकर्षित तुल्याउन सन्चारको माध्यमबाट प्रचार प्रसार गर्ने, सार्वजनिक प्रदर्शनी गर्ने तथा उपयुक्त तालिम दिने जस्ता कार्यक्रमहरु तयार गर्ने।

३. व्यापारिक ऊर्जा, परम्परागत ऊर्जा तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा कार्यरत अन्य सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसित सम्पर्क समन्वय राखी कार्य सन्चालन गर्ने।

४. ऊर्जाको न्यूनतम प्रयोग गर्न र इन्धनको आयात घटाउने बारेमा ऊर्जाको प्रभावकारी मापदण्ड तयार गर्ने तथा न्यूनतम लागतमा अधिकतम ऊर्जा खपत गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने/गराउने।

५. साना जलविद्युत योजनाहरुमा नीजि क्षेत्रलाई आकर्षित तुल्याउन मागको प्रारम्भिक अनुमान तयार गर्ने तथा स्थलगत अध्ययन गरी रिपोर्टहरु तयार पार्ने।

६. ऊर्जा विकास गर्ने सन्दर्भमा खानी विभाग र अन्य सरकारी, गैरसरकारी निकायमा सम्पर्क राखी उपयोगी तथ्यांक विवरण संकलन गर्ने।

७. विकासशील र विकासोन्मुख राष्ट्रको ऊर्जाको क्षेत्रमा भएको विकासका गतिविधि र अनुमानबाट ऊर्जा खपतमा पर्न जाने प्रभाव बारे अध्ययन कार्य जारी राख्ने र नेपालको सन्दर्भमा उपयुक्त कार्य नीति अवलम्वन गर्न प्रतिवेदन तयार गर्ने।

८. महाशाखाका अन्तर्गतका भौतिक साधनहरुको स्याहार संभार एवं मर्मत गर्ने।

९. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

**४. सामाजिक, आर्थिक तथा वातावरण महाशाखाका काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारहरुः**

१. जलस्रोत तथा ऊर्जासंग सम्बन्धित विभिन्न परियोजनाहरुको सामाजिक, आर्थिक एवं वातावरणीय पक्षको अध्ययन/अनुसन्धान गरी वातावरणमा प्रतिकूल प्रभाव आउन नदिन उपयुक्त राय/सुझाव सहित प्रतिवेदन तयार गर्ने।

२. जलविद्युत सिंचाइ तथा जल र ऊर्जासित सम्बन्धित विभिन्न योजनाहरुबाट वातावरणीय प्रभाव पार्न नदिन वा न्यूनीकरण गर्न सुझाव सहितको निर्देशिका तयार गर्ने।

३. हिंमताल विष्फोटनबाट उत्पन्न बाढी प्रकोप (GLOF) को कार्यमा समन्वय र सुपरीवेक्षण गर्ने

४. जल तथा ऊर्जासंग सम्बन्धित योजनाको सम्बन्धमा आवश्यक नीति र कार्यक्रम तयार गर्न राष्ट्रिय योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय तथा अन्य सरकारी र गैरसरकारी निकायसित सम्पर्क कायम राखी कार्य गर्ने।

५. जल तथा ऊर्जासंग सम्बन्धित योजना र कार्यक्रमहरुको आर्थिक तथा वित्तीय क्षेत्रको पुनरावलोकन कार्य गर्ने र प्राप्त सामाग्रीको आधारमा उपयुक्त वित्तीय नीति तर्जुमा गर्ने।

६. आयोजनाहरुको (Cost Benefit Analysis )कार्य गर्ने।

७. विभिन्न क्षेत्रगत (Gross Domestic Product) को अध्ययन गर्ने।

८. ऊर्जा आयात, निर्यातको लागत राख्ने, तेलको विश्व मूल्य वारेमा अध्ययन गर्ने र अद्यावधिक विवरण तयार गर्ने।

९. जलस्रोत र ऊर्जासंग सम्बन्धित महिला कार्यक्रमहरु सन्चालन गर्ने, तथा महिला सहभागितालाई प्रोत्साहन गर्ने।

१०. महिला सहभागिता सम्बन्धी निर्देशिका पुस्तिका तयार गर्ने।

११. वृक्षारोपण कार्यक्रममा सघाउ पुर्‍याउने र यस बारेमा समयानुकूल सुधार ल्याउन आवश्यक अनुसन्धान गर्ने।

१२. महाशाखा अन्तर्गतका भौतिक सधानहरुको स्याहार, संभार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।

१३. महाशाखालाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने।

## ६. आयोगको काम कर्तव्य र अधिकार

- नेपाल सरकारबाट स्वीकृति हुनु पूर्व बहुउद्देश्यीय, ठूला तथा मझौला जलस्रोत परियोजनाहरुको पुनरावलोकन गर्ने, गराउने र कार्यान्वयनको लागि सिफारिस गर्ने।
- नेपाल सरकारको प्राथमिकता र लक्ष्य अनुरुप जलस्रोत तथा विद्युत विकास सम्बन्धी विविध पक्षहरुको अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा विश्लेषण गरी आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने,गराउने।
- जलस्रोत तथा ऊर्जा विकाससित सम्बन्धित द्विपक्षीय वा बहुपक्षीय आयोजनाहरुको विश्लेषण गर्ने, गराउने र सो सम्बन्धमा नीति तर्जुमा गर्ने तथा त्यस्ता आयोजनाहरुको विस्तृत अध्ययन विश्लेषणको पुनरावलोकन गर्ने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी आवश्यक कानून तर्जुमा गर्ने, गराउने।
- जलस्रोत तथा ऊर्जा क्षेत्रका राष्ट्रिय र क्षेत्रगत नीतिहरुमा सामन्जस्य एवं समन्वय गर्ने, गराउने।

## ७. सचिवालयको काम कर्तव्य र अधिकार

- राष्ट्रिय जलस्रोत विकास परिषद्को सचिवालयको काम गर्ने।
- एकिकृत जलस्रोत विकास सम्बन्धी नीति निर्माणमा एकरुपता एवं समन्वय ल्याउन राष्ट्रिय जल योजना इकाईको रुपमा काम गर्ने। ईकाइको मुख्य कामको रुपमा राष्ट्रिय जलस्रोत रणनीति तर्जुमा, सोको समसमायिक सुधार र कार्यान्वयन समन्वय तथा अनुगमन रहनेछ।
- जलस्रोत तथा ऊर्जाको आवश्यकता (तत्कालीन र भविष्यको समेत)अध्ययन गर्ने, गराउने।
- समन्वयात्मक रुपमा जल तथा ऊर्जास्रोतको सर्वेक्षण र अन्वेषण कार्य गर्ने, गराउने।
- वहुउद्देश्यीय जलस्रोत सम्बन्धी परियोजनाहरुको नीतिगत अध्ययन तथा नदी बेसिनहरुको जलस्रोत सम्बन्धी गुरु योजना अध्ययन कार्य गर्ने, गराउने।
- जलस्रोत क्षेत्रका सम्पूर्ण वहुउद्देश्यीय, ठूला तथा मझौला परियोजना तर्जुमामा समन्वयकर्ताको काम गर्ने। जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी द्विपक्षीय वा बहुपक्षीय रुपमा भइरहेका अन्तरराष्ट्रिय प्रयास एवं सन्धि सम्झौताहरुको अध्ययन, अनुसन्धान एवं विश्लेषण गर्ने, गराउने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी आर्थिक, सामाजिक, प्राविधिक एवं वातावरणीय निर्देशिकाहरु तयार गर्ने कार्यमा सहयोग तथा परामर्श उपलब्ध गराउने।
- जलस्रोत तथा ऊर्जा आयोजनाहरुको बारेमा अन्य निकायहरुबाट तयार गरिएका प्रतिवेदनहरुको अध्ययन गरी राय, सुझाव दिने।

- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विभिन्न वातावरणीय, सामाजिक, आर्थिक,लैङ्गिक विषयहरुको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी गराई सोही अनुरुप परियोजनाहरुको परिमार्जन गर्न, गराउन सुझाव दिने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विविध पक्षमा नेपाल सरकारद्वारा निर्देशित अन्य कार्यहरु गर्ने, गराउने।
- जलस्रोत तथा जलविद्युत परियोजनाहरुको वातावरणीय, सामाजिक र आर्थिक प्रभाव मूल्याङ्कन गर्ने, गराउने।
- आयोगका निर्णयहरु कार्यान्वयन एवं दैनिक कार्य सञ्चालन गर्ने।
- आयोगद्वारा गरिएका निर्णयहरु कार्यान्वयनकोलागि सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने, कार्यान्वयन भए नभएको अनुगमन गरी आयोगमा प्रतिवेदन पेश गर्ने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी सूचना तथा तथ्याङ्कहरु संकलन, व्यवस्थापन तथा प्रवाह गर्ने। सचिवालयबाट तयार गरिएका अध्ययन प्रतिवेदन एवं संकलित तथ्याङ्कहरु आवश्यकता तथा औचित्यताको आधारमा उपलब्ध गराउने।
- जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी विभिन्न विषयहरुमा हुने छलफलमा भाग लिन नेपाल सरकारको निकायहरु तथा अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्ने।
- वार्षिक कार्य योजना र बजेट तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि पेश गर्ने।
- आयोगको बैठकमा छलफल हुने विषयको कार्यसूची एवं तत्सम्बन्धी विवरण तयार गरी बैठक सञ्चालनको व्यवस्था गर्ने।
- देशको जलस्रोत तथा ऊर्जा स्रोतको संरक्षण, विकास सम्बन्धी विभिन्न लाभदायक र उपयोगी कार्यक्रमहरु तयार गर्ने, गराउने।
- स्वदेश तथा विदेशमा प्रकाशित जलस्रोत तथा ऊर्जा संग सम्बन्धित अध्ययन, प्रतिवेदन पुस्तक, पुस्तिका, जर्नल एवं प्रकाशनहरु संकलन गरी पुस्तकालयको सञ्चालन गर्ने।
- आयोगद्वारा निर्देशित अन्य कामहरु गर्ने, गराउने।

## ८. आयोगले प्रदान गर्ने सेवाः

क. माथी बुँदा नं. ६ र ७ मा उल्लिखित कार्य क्षेत्र/काम कर्तव्य अधिकार अन्तर्गतका कार्यहरु, र

ख. सचिवालयको दैनिक प्रशासन सन्चालन सम्बन्धी कार्य

## ९. सचिवालयको महाशाखा र जिम्मेवार अधिकारीः

| सि.न | महाशाखा/शाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | जल तथा ऊर्जा आयोगको सचिवालय | | |
| | सचिवको निजी सचिवालय | सचिव श्री दिनेश कुमार घिमिरे | ४२११४२३ |
| | | शाखा अधिकृत श्री पिताम्बर रिमाल | ४२११४२३ |
| | | आइटी सहायक दिक्षा पौड्याल | |
| | | स.क.अपरेटर शेरबहादुर तामाङ | ४२११४२३ |
| २. | जलश्रोत महाशाखा | सह-सचिव | ४२११४२९ |
| | | सि.डि.हा. डा. कपिल ज्ञवाली | ४२११४१५ |
| | | सि.डि.इ.जी. श्री माधव देव आचार्थ | ४२११४१५ |
| | | सि.डि.इ. श्री सबिना खर्बुजा | ४२११४१५ |
| | | सि.डि.इ. श्री सूर्यदेव गुप्त | ४२११४१५ |
| | | इन्जिनियर श्री लेखनाथ चापागाई | ४२११४१५ |
| | | इन्जिनियर श्री गायत्री जोशी | ४२११४१५ |
| | | अर्थशास्त्री श्री जनक कुमार झा | ४२११४१५ |
| ३. | ऊर्जा महाशाखा | सह-सचिव श्री शिशिर कोइराला | ४२११४१९ |
| | | सि.डि.इ. श्री सुकदेव चौधरी | ४२११४१५ |
| | | सि.डि.इ. श्री किरण गौतम | ४२११४१५ |
| | | इन्जिनियर श्री एबियन मरासिनी | ४२११४१५ |
| | | इन्जिनियर श्री सुन्दर कुमार थापा | ४२११४१५ |
| | ३. सामाजिक आर्थिक तथा वातावरण महाशाखा | | |
| | | सह-सचिव श्री नविन कुमार सिंह | ४२११४१९ |
| | | सि.डि.इ. श्री दिनकर खानाल | ४२११४१५ |
| | | पु.अ. श्री मनोहर सिंह धामी | ४२११४१५ |
| ४. | कानून तथा संस्थागत विकास महाशाखा | श्री कलानिधि पौड्याल | ४२११४२९ |
| | क. प्रशासन शाखा | शा.अ. श्री सुमित्रा लिम्बु | ४२११४१७ |
| | | शा.अ. श्री ज्योती पौडेल | ४२११४१७ |

| | | |
|---|---|---|
| | ना.सु श्री सुरेश विष्ट(जिन्सी भण्डार) | ४२११४१७ |
| | ना.सु श्री गिरीराज न्यौपाने | ४२११४१७ |
| ख. आर्थिक प्रशासन शाखा | लेखा अधिकृत गीता सापकोटा | ४२११४२२ |
| | लेखापाल श्री खीमा अर्याल | ४२११४२२ |

## १०. सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अवधिः

सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तूर लाग्दैन।

क. सेवा प्रास गर्न लाग्ने दस्तूरः

- सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिमको र
- अन्य विशेष कानुनले तोके बमोजिमको दस्तूर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिमको अवधि।

## ११. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

क. निर्णय प्रक्रिया सम्बन्धमाः

१. आयोगले उपलब्ध गराउने सेवा सम्बन्धमा सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

ख. निर्णय गर्ने अधिकारी सम्बन्धमाः

१. सचिवालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्य सम्बन्धमाः

- मन्त्री परिषद्मा प्रस्ताव पठाएर।
- माननीय ऊर्जा मन्त्रीस्तरबाट।
- जल तथा ऊर्जा आयोगको सचिवस्तरबाट
- सुशासन (व्यवस्थापन तथा संचालन ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन नियमले सचिवले गर्ने भनी तोकेका कामहरु सचिवले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको पदाधिकारीहरुले।

## १२. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

क. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा सचिवालयका सचिव।

## १३. आयोगको सचिवालयले गरेका केही महत्वपूर्ण कार्यहरु

१. राष्ट्रिय जलस्रोत रणनीति, २००२ र सो अनुसारको राष्ट्रिय जल योजना, २००५

२. हिमताल तथा त्यसको विष्फोटनबाट उत्पन्न वाढीको प्रभाव (सन् १९८५ देखि १९९५ सम्म, तर हाल पनि केही काम भइरहेको),

- नेपालको हिमालय क्षेत्रमा भएका विभिन्न हिम नदी तथा हिमतालहरुको सर्वेक्षण, अनुसन्धान तथा अनुगमन गरिएको, ८ हिमतालको प्रारम्भिक अध्ययन र च्छो रोल्पाको विस्तृत अध्ययन,

३. जलउपयोग सूची (१९९०-२०००),

- नेपालका ७५ जिल्लाको विभिन्न क्षेत्रमा गरिएको जल उपयोगको सूची तयार गरिएको (तीन दशक अघि, अद्यावधिक गर्नु पर्ने),

४. ऊर्जा खपत तथा आपूर्तिको अध्ययन एवं दीर्घकालीन प्रक्षेपण अध्ययन प्रतिवेदन

५. जल तथा ऊर्जाको दीर्घकालीन भिजन तर्जुमा कार्य आदि

६. विद्युत माग प्रक्षेपण (२०१५-२०४०)

७. राष्ट्रिय जलश्रोत निती २०७७

## १४. आयोगको सचिवालयवाट संचालन भईरहेका कार्यक्रमहरु

| क. सं. | कार्यक्रम /क्रियाकलाप | प्रगति विवरण |
|---|---|---|
| १ | विश्व बैकको अनुदान सहयोगमा सन्चालित नदी वेसिन योजना तथा जल विद्युत विकास गुरु योजना तर्जुमा एवं रणनैतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन अध्ययन कार्य। | अन्तिम चरणमा पुगेको |
| २ | ऊर्जा सूचना प्रणाली तयार गरी सन्चालनमा ल्याउने कार्य। | ऊर्जा सूचना प्रणाली तयार भएको। |

| | | |
|---|---|---|
| ३ | नेपालको कूल जलविद्युतको संभाव्यताको पुनर्मूल्यांकन गर्ने। | Final Report प्राप्त भएको। |
| ४ | एकिकृत जलस्रोत नीति तथा ऐन तयार गर्ने कार्य। | एकिकृत राष्ट्रिय जलस्रोत नीतिको मस्यौदा तयार भएको। साथै सोही मस्यौदा नीति अनुसार जलस्रोत ऐनको मस्यौदा तयार गर्ने कार्य भइरहेको। |
| ५ | Energy Audit सम्बन्धी Guidelines तयार गर्ने कार्य। | Guidelines बनेको |
| ६ | जलस्रोत, ऊर्जा, वातावरण तथा कानूनी पक्षका क्षेत्रमा सहयोग पुग्ने वार्ता, गोष्ठी, सम्मेलन, बैठक ईत्यादि कार्यहरु गर्ने। | संघीयतामा जलस्रोत र ऊर्जा व्यवस्थापन सम्बन्धी कार्यशाला मुस्ताङ जिल्ला र बाग्लुङमा भएको। |
| ७ | बेरुजु फछ्र्यौट सम्बन्धी कार्य। | १००% |
| ८ | नदी नियन्त्रण Manual तयार गर्ने कार्य। | परामर्शदातृ संस्थाबाट Final Report प्राप्त भएको। |
| ९ | जल तथा ऊर्जा आयोगलाइ पुनः संरचना गरी अधिकार सम्पन्न बनाइ क्रियाशिल बनाउने कार्य। | जल तथा ऊर्जा आयोगको कर्तव्य र अधिकार सहितको संघीय ढाँचा अनुरुपको संस्थागत पुनः संरचनाको मस्यौदा तयार भएको। सो वाहेक समग्र जलस्रोत तथा विद्युत क्षेत्रको संस्थागत पुनः संरचनाको गृहकार्य पनि भइरहेको। |
| १० | ऊर्जा क्षेत्रको तथ्य सारांश तयार गरी प्रकाशन गर्ने कार्य। | परामर्शदाताबाट Final Report प्राप्त भएको। |
| ११ | वाढी, खडेरी र जलवायु विश्लेषण सम्बन्धी अध्ययन कार्य। | अध्ययन टोली गठन भई कार्य अगाडी बढेको |

| | | |
|---|---|---|
| १२ | जलस्रोत सूचना प्रणालीलाई अध्यावधिक गर्ने कार्य। | सालबसाली कार्यक्रम अन्तर्गत परामर्शदाता नियुक्त भई कार्य अगाडी बढेको। |
| १३ | जलयातायातको सम्भाव्यता अध्ययन सम्बन्धी कार्य | परामर्शदाता नियुक्त भई नारायणी नदीमा पूर्व संभाव्यता अध्ययन भइरहेको। |
| १४ | संघीयतामा ऊर्जा खपतको स्थिति अद्यावधिक गर्ने कार्य प्रदेश नं. १ र प्रदेश नं.२। | |
| १५ | संघीयतामा ऊर्जा खपतको स्थिति अद्यावधिक गर्ने कार्य (बागमती र गणडकी प्रदेश)। | |
| १६ | नेपालमा जलविद्युतको सम्भावना पूनः मूल्याङ्कन अध्ययन गर्ने । | |
| १८ | पानीको स्रोत संरक्षण सम्बन्धी राष्ट्रिय निर्देशिका तयार गर्ने। | |
| १७ | | |
| | | |

यी वाहेक जलस्रोत तथा ऊर्जा क्षेत्रका विषयमा आवश्यक अध्ययन, अनुसन्धान, राय परामर्श उपलव्ध गराउने एवं सरकारी तथा गैह्र सरकारी संघ संसथाहरु संगको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठि तथा अन्य जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने कार्यहरु।

जल तथा उर्जा आयोगको सचिवालय
सिंहदरवार, काठमाडौं

# १५. लेखा शाखाको खर्चको फाँटवारी

जल तथा उर्जा आयोगको सचिवालय

कार्यालय कोड नं.: ३०८२१३५०१

खर्चको फाटवारी

पुष महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक वर्ष:-** २०७८/७९
**बजेट उपशीर्षक :** जल तथा ऊर्जा आयोग[३०८२१०१२३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | २१,६००,०००.०० | ९,१११,३८०.१४ | ७,९०९,०४४.९४ | १,२०२,३३५.२० | ९,१११,३८०.१४ | ०.०० | ९,१११,३८०.१४ | १२,४८८,६१९.८६ |
| २११२१ | पोशाक | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २११३२ | महंगी भत्ता | ८००,०००.०० | २९७,३३३.०० | २५१,३३३.०० | ४६,०००.०० | २९७,३३३.०० | ०.०० | २९७,३३३.०० | ५०२,६६७.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | १५१,९६३.०० | १५१,९६३.०० | ०.०० | १५१,९६३.०० | ०.०० | १५१,९६३.०० | ४८,०३७.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ५,०००.०० | ५,०००.०० | ०.०० | ५,०००.०० | ०.०० | ५,०००.०० | ९५,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २००,०००.०० | ५९,६००.०० | ५०,४००.०० | ९,२००.०० | ५९,६००.०० | ०.०० | ५९,६००.०० | १४०,४००.०० |
| २२१११ | पानी तथा बिजुली | ३००,०००.०० | ३९,०८०.०० | ३९,०८०.०० | ०.०० | ३९,०८०.०० | ०.०० | ३९,०८०.०० | २६०,९२०.०० |
| २२११२ | संचार महसुल | २००,०००.०० | १२,०५२.०० | ११,४९१.०० | ५६१.०० | १२,०५२.०० | ०.०० | १२,०५२.०० | १८७,९४८.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १,३००,०००.०० | ६८४,१६८.५२ | ६६९,११८.५२ | १५,०५०.०० | ६८४,१६८.५२ | ०.०० | ६८४,१६८.५२ | ६१५,८३१.४८ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,१००,०००.०० | ६२२,३५४.०० | ६१५,३५४.०० | ७,०००.०० | ६२२,३५४.०० | ०.०० | ६२२,३५४.०० | ४७७,६४६.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००,०००.०० | १९९,०५०.०० | १९९,०५०.०० | ०.०० | १९९,०५०.०० | ०.०० | १९९,०५०.०० | ९५०.०० |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७००,०००.०० | १९१,३११.०० | १९१,३११.०० | ०.०० | १९१,३११.०० | ०.०० | १९१,३११.०० | ५०८,६८९.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | २२,३५६.०० | २२,३५६.०० | ०.०० | २२,३५६.०० | ०.०० | २२,३५६.०० | ७७,६४४.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २००,०००.०० | १२७,२१४.०० | १२७,२१४.०० | ०.०० | १२७,२१४.०० | ०.०० | १२७,२१४.०० | ७२,७८६.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | २००,०००.०० | ११,१००.०० | ११,१००.०० | ०.०० | ११,१००.०० | ०.०० | ११,१००.०० | १८८,९००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२४१३ | करार सेवा शुल्क | ३,६००,०००.०० | १,८१४,०३०.०० | १,५५६,३८०.०० | २५७,६५०.०० | १,८१४,०३०.०० | ०.०० | १,८१४,०३०.०० | १,७८५,९७०.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ३००,०००.०० | ६०,०००.०० | ६०,०००.०० | ०.०० | ६०,०००.०० | ०.०० | ६०,०००.०० | २४०,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४००,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४००,०००.०० | ८०,३३०.०० | ८०,३३०.०० | ०.०० | ८०,३३०.०० | ०.०० | ८०,३३०.०० | ३१९,६७०.०० |
| २२६१२ | भ्रमण खर्च | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| २२७११ | विविध खर्च | ५००,०००.०० | १३१,१६८.०० | १३१,१६८.०० | ०.०० | १३१,१६८.०० | ०.०० | १३१,१६८.०० | ३६८,८३२.०० |
| | कुल जम्मा | ३३,८००,०००.०० | १३,६१९,४८९.६६ | १२,०८१,६९३.४६ | १,५३७,७९६.२० | १३,६१९,४८९.६६ | ०.०० | १३,६१९,४८९.६६ | २०,१८०,५१०.३४ |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखत:

नाम:

दर्जा:

मिति:

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

# जल तथा उर्जा आयोगको सचिवालय

कार्यालय कोड नं.: ३०८२१३५०१

## खर्चको फाटवारी

पुष महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७८/७९
**बजेट उपशीर्षक :** जल तथा ऊर्जा आयोग[३०८२१०१२४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ५००,०००.०० | १०३,९६०.०० | १०३,९६०.०० | ०.०० | १०३,९६०.०० | ०.०० | १०३,९६०.०० | ३९६,०४०.०० |
| ३११२३ | फर्निचर तथा फिक्वर्स | ३००,०००.०० | ११३,५६५.०० | ११३,५६५.०० | ०.०० | ११३,५६५.०० | ०.०० | ११३,५६५.०० | १८६,४३५.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३११३५ | पूंजीगत परामर्श | ५१,६००,०००.०० | १,०३२,११६.०० | ९८०,४३६.०० | ५१,६८०.०० | १,०३२,११६.०० | ०.०० | १,०३२,११६.०० | ५०,५६७,८८४.०० |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | कुल जम्मा | ५२,९००,०००.०० | १,२४९,६४१.०० | १,१९७,९६१.०० | ५१,६८०.०० | १,२४९,६४१.०० | ०.०० | १,२४९,६४१.०० | ५१,६५०,३५९.०० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

नेपाल सरकार
जल तथा उर्जा आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

जल तथा उर्जा आयोगको सचिवालय

कार्यालय कोड नं.: ३०८२१३५०१

## खर्चको फाटवारी

पुष महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक वर्ष:-** २०७८/७९
**बजेट उपशीर्षक :** नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना[३०८२१०१३३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११३४ | कर्मचारीको बैठक भत्ता | १००,०००.०० | ९१,०००.०० | ९१,०००.०० | ०.०० | ९१,०००.०० | ०.०० | ९१,०००.०० | ९,०००.०० |
| २२१११ | पानी तथा बिजुली | १००,०००.०० | १०,१४०.०० | १०,१४०.०० | ०.०० | १०,१४०.०० | ०.०० | १०,१४०.०० | ८९,८६०.०० |
| २२११२ | संचार महसुल | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १००,०००.०० | ७२,०५६.८६ | ७२,०५६.८६ | ०.०० | ७२,०५६.८६ | ०.०० | ७२,०५६.८६ | २७,९४३.१४ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १००,०००.०० | १९,८४९.०० | १९,८४९.०० | ०.०० | १९,८४९.०० | ०.०० | १९,८४९.०० | ८०,१५१.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | १,१००,०००.०० | ५३६,४१०.०० | ४५९,७८०.०० | ७६,६३०.०० | ५३६,४१०.०० | ०.०० | ५३६,४१०.०० | ५६३,५९०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२७११ | विविध खर्च | १००,०००.०० | २९,४४३.०० | २९,४४३.०० | ०.०० | २९,४४३.०० | ०.०० | २९,४४३.०० | ७०,५५७.०० |
| | कुल जम्मा | २,१००,०००.०० | ७५८,८९८.८६ | ६८२,२६८.८६ | ७६,६३०.०० | ७५८,८९८.८६ | ०.०० | ७५८,८९८.८६ | १,३४१,१०१.१४ |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखत:
नाम:
दर्जा:
मिति:

प्रमाणित गर्नेको दस्तखत:
नाम:
दर्जा:
मिति:

## १६. आयोगबाट सम्पन्न गरिएका अन्य कार्यहरुः

- हेलो सरकार बमोजिम यस सचिवालयको Facebook Account खडा गरी अद्यावधिक गर्दै आएको छ। (हालसम्म कुनै जनगुनासो प्राप्त नभएको)
- दैनिक प्रशासनिक कार्यहरु समयमै सम्पादन गरिएको।

## १७. आयोगसँग संलग्न संघ/संस्थाहरुको विवरणः

यस सचिवालयको सचिवालयले निम्नानुसारका संघ संस्थाहरुसँग पनि संलग्न रही कार्य गरिरहेको छः

(१) International Commission on Large Dam (ICOLD)
(२) World Energy Council (WEC)
(३) Nepal Water Partnership : Global Water Partnership को नेपाल इकाई सदस्यको रुपमा कार्यरत
(४) World Bank
(५) Asian Development Bank (ADB)
(६) Network of Asian River Basin Organizations (NARBO)
(७) Water Environment Partnership in Asia (WEPA)
(८) The Common wealth Scientific Industrial Research Organization (CSIRO)
(९) Program for Aquatic Natural Resources Improvement (PANI)
(१०) International Centre of Excellence in Water Resources Management (ICEWaRM)

## १८. कार्यालय प्रमुख र सूचना अधिकारीको नामः

प्रमुखः सचिव, सागर कुमार राइ
सूचना अधिकारीः शाखा अधिकृत श्री ज्योती पौडेल
मोवाइल नं. ९८४१२६७८४६

## १९. ऐन नियम निर्देशिकाको सूचीः

- पानी कर ऐन, २०२३
- जलस्रोत ऐन, २०४९
- पानी जहाज दर्ता ऐन, २०२७
- नेपाल खानेपानी संस्थान ऐन, २०४६
- नेपाल विद्युत प्राधिकरण ऐन, २०४१
- जलचर संरक्षण ऐन, २०१७

- विद्युत चोरी नियन्त्रण ऐन, २०५८
- विद्युत ऐन, २०४९
- खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३
- खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३
- उपभोक्ता संरक्षण ऐन, २०५४
- विकास समिति ऐन, २०१३
- वातावरण संरक्षण ऐन, २०५३
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
- वन ऐन, २०४९
- औद्योगिक व्यवसाय ऐन, २०४९
- जग्गा प्राप्ति ऐन, २०३४
- मालपोत ऐन, २०३४
- खानेपानी नियमावली, २०५५
- खानेपानी सेवा महसुल (असूल उपर गर्ने) नियमावली, २०५०
- विद्युत महसुल निर्धारण नियमावली, २०५०
- विद्युत नियमावली, २०५०
- विद्युत चोरी नियन्त्रण नियमावली, २०५९
- सिंचाइ नियमावली, २०५६
- जलयात्रा नियमावली, २०६३
- जलस्रोत नियमावली, २०५०
- जीवनाशक विषादी नियमावली, २०५०
- भू तथा जलाधार संरक्षण नियमावली, २०४२
- National Water Plan
- Hydropower Development Policy, 2001 AD
- Hydropower Development Policy, 2049 BS
- Irrigation Policy, 2060

जलश्रोत ऐन, २०५०

जलश्रोत रणनीति, २०५८

जलश्रोत योजना, २०६१

आर्थिक कार्य विधि ऐन, २०५५

आर्थिक कार्य विधि नियमावली, २०६४

सार्वजनिक खरीद ऐन, २०६३

सार्जजनिक खरीद नियमाली, २०६४

भ्रमण खर्च नियमावली, २०६४

नेपाल सरकारका निर्णयहरु

- ऊर्जा आयोगको वेभ साइट www.wecs.gov.np मा ऊर्जा आयोगको सूचनामूलक जानकारीहरु उपलब्ध छन्।
- आयोगको महत्वपूर्ण निर्णय वा जानकारीहरु प्रेस विज्ञप्ति वा प्रवक्तामार्फत जानकारी दिने गरिएको छ।

## २०. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरणः

www.wecs.gov.np

## २१. इमेलः wecs@mos.com.np

सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः हालसम्म लिखित निवेदन प्राप्त भएको छैन। केही इमेल र टेलिफोनबाट सूचना माग भए बमोजिम सूचना प्रदान गरिदैं आइएको छ।

## २२. सार्वजनिक निकाएमा सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः

आयोगको वेवसाइट तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्ने गरिएको छ।

## २३. यस सचिवालयका हालका अवधिमा प्रकाशन भएका प्रतिवेदन विवरणः

१. Water and Energy Commission Secretariat (Annual Report, 2069/70)

२. Energy Consumption Situation in Nepal (Year 2011/12), June 2014

विगतका वर्षहरुमा प्रकाशनमा आएका प्रतिवेदनहरु यस सचिवालयको पुस्तकालय शाखामा उपलब्ध छ। जसको लिन्क http://www.nepaknol.net/wecs/library/opac_css/ रहेको छ।